उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ११४ मितिः २०८२/०१/१०

**प्रस्तावहरुः**

१) गाउँपालिकाका विगतमा भएका निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा।

२) प्रदेश समपुरक तथा प्रदेश विशेष अनुदानको लागि योजना छनौट गर्ने सम्बन्धमा।

३) खड्कु बस्ती संरक्षण सम्बन्धमा।

४) आयोजनाहरुमा सुपरभाइजर नियुक्त गर्ने सम्बन्धमा।

५) मगर संघ र पूर्वाञ्चल गन्धर्व समाजलाई रकम भुक्तानी सम्बन्धमा।

६) आगलागी पिडितलाई राहत सहयो गर्ने सम्बन्धमा।

७) विविध

**निर्णयहरुः**

१. गाउँ कार्यपालिकाका विगतमा भएका निर्णयहरुको समिक्षा गरियो साथै आगामी दिनहरुमा निर्णय प्रकृया तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक कार्यहरु गर्ने निर्णय गरियो।

२. आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रदेश समपूरक अनुदान र प्रदेश विशेष अनुदानको लागि तपसिलका आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो।

तपसिल

| प्रदेश समपूरक अनुदानको लागि | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | कैफियत |
| १ | भुमेस्थान देखि देउराली डाँडा, खड्कु हुँदै घडेरीडाँडा सम्मजाने सडक स्तरोन्नती, उत्तरगया गा.पा. १ २ र ३ | ४ करोड | |
| २ | पैरेवेशी- भलायडाँडा सडक स्तरोन्नती, उत्तरगया गा.पा. ४ | ३ करोड | |
| ३ | बोगटीटार चौकीटार हुँदै बनुवा सडक स्तरोन्नती, उत्तरगया गा.पा. ५ | ३ करोड | |
| प्रदेश विशेष अनुदानको लागि | | | |
| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | कैफियत |
| १ | वेत्रावती देखि लहरेपौवा हुँदै उपल्लोपौवा सम्म घोडेटोबाटो, उत्तरगया-५ | १ करोड | |

हामनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | लहरेपौवा स्वास्थ्य चौकी र बोगटीटार सामुदायिक स्वास्थ्य इकाईको भवन मर्मत तथा पूर्वाधार निर्माण, उत्तरगया गाउँपालिका ४ र ५ | १ करोड | |
| ३ | मनडाँडा खेलमैदान निर्माण, उत्तरगया गा.पा-३ | १ करोड | |

३. उत्तरगया गाउँपालिका वडा नं २ स्थित खड्कु बस्ती संरक्षणको लागि प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा उक्त प्रतिवेदनको आधारमा थप आवश्यक भौगर्भिक अध्ययन गर्न विपद् व्यवस्थापन शिर्षकबाट खर्च गर्ने गरी आवश्यक कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. यस गाउँपालिकामा चालु आ.व.२०८१।०८२ मा निर्माणाधिन भाङ्गेखोला घडेरीडाँडा सडक स्तोरोन्नती, उत्तरगया गा.पा. १, २ र नयाँपुल पैरेवेशी सडक निर्माण आयोजना उत्तरगया गा.पा. ४ र ५ आयोजनाको नियमित रुपमा दैनिक सुपभिजन गर्न वडा कार्यालयमा कार्यरत प्राविधिकहरुबाट सम्भव नभएकोले उक्त आयोजनाहरुको निर्माण अवधिभर नियमित सुपरभिजन गर्न वडा कार्यालयको सिफारिसका आधारमा तपसिलका स्थानीय व्यक्तिहरुलाई डोरहाजिरमा काम लागई कन्टेन्जेन्सी रकमबाट दैनिक ज्याला भुक्तानी हुने गरी १/१ जना सुपभाईजर नियुक्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.स | नाम, थर र ठेगाना | आयोजनाको नाम |
|---|---|---|
| १ | श्री माया देवी तमाङ- उ.गा.पा.-२ | भाङ्गेखोला घडेरीडाँडा सडक स्तरोन्नती, उत्तरगया गा.पा. १ र २ |
| २ | श्री रामचन्द्र थापामगर- उ.गा.पा.-५ | नयाँपुल पैरेवेशी सडक निर्माण आयोजना, उत्तरगया गा.पा. ४ र ५ |

५. माघे संक्रान्ति तथा माघि पर्वको अवसरमा नेपाल मगर संघ जिल्ला समन्वय समिति रसुवाले आयोजना गरेको शुभकामना आदानप्रदान एवं सांस्कृतिक कार्यक्रम र पूर्वाञ्चलन गन्धर्व समाजले यस

गाउँपालिकामा गन्धर्व बाजा तथा गन्धर्व लोक संस्कृति सम्बन्धी आयोजना गरेको कार्यक्रमको लागि सांस्कृतिक कार्यक्रमको लागि धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन तथा संस्था सहायता शिर्षकबाट क्रमशः रु. ३०,०००।–(अक्षेरुपी तिस हजार रुपैंया मात्र) र रु. २५,०००।–(अक्षेरुपी पच्चिस हजार रुपैंया मात्र) भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

६. उत्तरगया गाउँपालकाको वडा नं. ४ निवासी **श्री हरिशरण घिमिरेको (ना.प्र.नं.२३१०१४/४०४)** घरमा मिति २०८१/१२/३१ गते भएको आगलागि र वडा न ५ निवासी **श्री होम नाथ भण्डारी (ना.प्र.नं.१४८/२४७)** को घरमा मिति २०८१/१२/०७ गते भएको आगलागि भई घरगोठ नस्ट भएको उक्त परिवारहरुलाई वडा कार्यालयको वडा सिफारिस र प्रहरी प्रशासनबाट प्राप्त मुचुल्काको आधारमा विपद् व्यवस्थापन कोषबाट लेख्ने गरी तपसिल बमोजिमको राहत सहयोग गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>तपसिल</u>

| **क.स** | **नाम,थर** | **ठेगाना** | **सहयोगको किसिम** |
|---|---|---|---|
| १ | श्री हरिशरण घिमिरे | उ.गा.पा.- ४ | ३ बण्डल जस्ता र २५ हजार नगद |
| २ | श्री होम नाथ भण्डारी | उ.गा.पा.- ४ | १५ हजार नगद |

हेमनाथ दाहाल
प्रमुख प्रशासकीय अ...